नेपालको पहिलो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**प्रमुख कार्यकारी अधिकृतको कार्यालय**
**धर्मपथ ,काठमाडौ**

# प्रेस रिलिज्

## नेपाल बैक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत शाहको ससम्मान विदाई

विगत ४ वर्षयता नेपाल बैक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाली आफनो कार्यकाल सफलतापुर्वक पुरा गर्नुभएका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र प्रताप शाहलाई काठमाडौमा आयोजित एक समारोहका बीच ससम्मान विदाई गरियो । सो अवसरमा आफनो कार्यकालमा बैकको विकासमा पुऱ्याउनुभएको उच्चतम योगदान निम्ति निवर्तमान प्रमुख कार्यकारी अधिकृत शाहलाई  नेपाल बैक लिमिटेड् संचालक समितिका अध्यक्ष वासुदेव अधिकारी , नेपाल बैक लिमिटेडका का.मु. प्रमुख कार्यकारी अधिकृत कृष्ण वहादुर अधिकारी र विज्ञ नायव प्रमुख कार्यकारी अधिकृत दुर्गाराज रेग्मीले सम्मानित गर्नुभयो । सो अवसरमा नेपाल बैक लिमिटेडका अध्यक्ष तथा कार्यक्रमका सभापति अधिकारीले श्री शाहसंग छोटो समयमात्र काम गर्न पाएतापनि उहांको परिपक्व व्यवस्थापन शैलीबाट आफू अत्यन्त प्रभावित भएको ,यौटा इमान्दार,निस्वार्थ,अहंविहिन,घुलनशील र परिपक्वताका प्रतिक श्री शाहले नेपाल बैकमा छोडेको व्यवस्थापकीय कार्यशैली संचालक समितिले नीतिगत तहमा र व्यवस्थापन तहले कार्यगत तहमा आन्तरकीकरण गर्न सके फलदायी हुने विश्वास प्रकट गर्नुभयो । अध्यक्ष अधिकारीले उहांको कार्यकालमा वित्तिय सवलिकरणमा बैकले प्राप्त गरेको उच्च सफलताको प्रशंसा गर्दै नेपाल बैक लिमिटेडले नेपाली जनताबाट पाएको सद्भाव तथा विश्वासको पैचो जनतालाई उत्कृष्ठ सेवामार्फत तिर्न सकेमा सरकार तथा निजीक्षेत्र सबैमा सन्तुष्टि मिल्ने वताउनुभयो । सो अवसरमा निवर्तमान प्रमुख कार्यकारी अधिकृत शाहले नेपाल बैक विरामी रहेको र नेपाल राष्ट्र बैकबाट शिघ्र सुधारात्मक कार्यवाहीको अवस्था सामना गर्दैगर्दाको कठिन परिवेशमा आफूले कार्यभार सम्हाली ४ वर्षको अवधिमा बैकको खुद सम्पत्ति ,पुंजी पर्याप्तता अनुपात,प्रति शेयर आम्दानी ,खुद मुनाफा लगायतका अधिकांश परिसूचकमा बैकलाई उच्च पांचौ छैठौं स्थानमा ल्याउन सकेकोमा सन्तोष व्यक्त गर्दै श्री शाहले यस अवधिमा आफूले गर्न नसकेका कामहरुबारे बैक संचालक समितिलाई सुझाव पेश गरेको वताउनुभयो । सो अवसरमा श्री शाहले बैकले प्राप्त गरेको सफलताको श्रेय बैक संचालक समिति र मातहतका व्यवस्थापन सहयोगीमा जाने बताउंदै बैकिंग क्षेत्रमा चुनौतीपूर्ण समय आएको सन्दर्भमा आगामी दिनमा नुतन सोच,खोज र कार्यशैलीका साथ ग्राहक केन्द्रित  भई नतिजामुखी ढंगले अघि बढ्न् आगामी व्यवस्थापनलाई सुझाउनुभयो । आफनो आगामी निजी योजनाबारे प्रकाश पार्दै श्री शाहले आफू एक लेखक पनि भएको , यस बैकमा आएपछिका सुनौला १४६० दिनमा हरेक दिन केही न केही लेखेको ,अव ती लेखिएका कुराहरु सम्पादन गर्ने र जीवनको लामो खण्ड व्यावसायिक व्यस्ततामा विती पारिवारिक सामाजिक जीवनमा पूर्ण मानिस बन्न नसकेकोमा अव आफू पूर्ण मानिस बन्ने प्रयत्न गर्ने अभिव्यक्ति दिनुभयो ।
उक्त कार्यक्रममा बैकका का.मु. प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीले नेपाल बैक

लिमिटेडलाई वित्तिय हिसावले सवल र गतिशील बनाउन निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्री शाहद्वारा पुऱ्याईएको योगदानको हार्दिक सराहना गर्दै आगामी दिनमा बैकको प्रमुख सद्भाव राजदूतको भुमिका निर्वाह गरिदिन श्री शाहलाई आग्रह गर्नुभयो । सो अवसरमा विज्ञ नायव प्रमुख कार्यकारी अधिकृत दुर्गाराज रेग्मीले निवर्तमान प्रमुख कार्यकारी अधिकृत श्री शाहले बैकको समग्र विकासमा पुऱ्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्दै आगामी दिनमा समेत उहांले दिएको व्यवस्थापकीय दिशावोधलाई पछ्याईने प्रतिवध्दता सहित उहांको व्यक्तिगत जीवनको सफलताको कामना गर्नुभयो । बैकका सहायक प्रमुख कार्यकारी अधिकृत प्रकाश कुमार अधिकारीको संयोजनमा प्रवन्धक अश्विन कुमार पुडासैनीको सहजिकरणमा सम्पन्न उक्त कार्यक्रममा बैक संचालक समितिका सदस्यहरु, सहायक प्रमुख कार्यकारी अधिकृतहरु ,विभागीय प्रमुखहरु, बैकमा कार्यरत यूनियनका प्रतिनिधिहरु लगायतको समुपस्थिति थियो ।

स्मरण रहोस् , श्री शाहले खुल्ला प्रतिष्पर्धाबाट मिति ०७१।१२।११ मा नेपाल बैक लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको कार्यभार सम्हाल्नुभएको थियो । उहांको ४ वर्षे कार्यकाल पूरा भएपछि बैक संचालक समितिद्वारा अर्को व्यवस्था नभएसम्म बैकका नायव प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर अधिकारीलाई कायम मुकायम प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी तोकिएको छ । नेपाल बैक लिमिटेडले श्री शाहको कार्यकाललाई बैकको सवलिकरण र उन्नयनमा एक महत्वपूर्ण कोल्टे फकाई (टर्निंग प्वाइन्ट ) को रुपमा सदा स्मरण गर्ने छ । यस अवसरमा नेपाल बैक लिमिटेड परिवार श्री शाहले अगाडि बढाएका सुधारात्मक कदमलाई अघि बढाउने दृढ प्रतिवध्दता दोहराउंदै उहांको आगामी व्यक्तिगत जीवन सुखद् र सफल रहोस् भन्ने हार्दिक शुभेच्छा प्रकट गर्दछ ।





(मुकुन्द अर्याल )

प्रेस संयोजक